# सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेशभित्रका सामुदायिक वन उपभोक्ता समूहद्वारा सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम वनको दिगो व्यवस्थापनबाट उत्पादन हुने वन पैदावार (काठ दाउरा) सङ्कलन गरी उपभोक्ता समूहका सदस्यहरूको आवश्यकताका आधारमा समन्यायिक रूपमा सरल र सर्वसुलभ किसिमले आन्तरिक आपूर्ति गरी बाँकी वन पैदावारको सदुपयोगको लागि उपभोक्ता समूह बाहिर बिक्री वितरण गर्ने प्रक्रियालाई नियमित, पारदर्शी, प्रतिस्पर्धी र न्यायोचित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा ९९ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "सुदूरपश्चिम प्रदेश सामुदायिक वनको काठ दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अन्तिम जाँच" भन्नाले सामुदायिक वनको कुनै खण्ड, उपखण्ड वा प्लटमा समूह आफैंले वा इजाजत प्राप्त व्यक्ति, संस्था वा उद्योगले निजलाई प्राप्त निश्चित अवधिभित्र तोकिएको प्रक्रिया र शर्त बमोजिम काठ दाउरा सङ्कलन गरेको छ वा छैन र सो कार्य गर्दा अन्य रुख बिरुवालाई हानि नोक्सानी पुर्‍याएको छ छैन, सो समेत यकिन गर्न इजाजत प्राप्त व्यक्ति, संस्था वा उद्योगको प्रतिनिधिको रोहबरमा उपभोक्ता समूहको पदाधिकारी र सब-डिभिजन वन कार्यालयका कर्मचारीबाट संयुक्त रूपमा गरिने सम्बन्धित खण्ड, उप-खण्ड, प्लट वा कुपको जाँच सम्झनु पर्छ ।

(ख) "अनुगमन" भन्नाले उपभोक्ता समूहबाट सञ्चालन गरिएको वन व्यवस्थापन, वन पैदावार सङ्कलन र बिक्रि वितरण कार्यको सञ्चालन प्रक्रिया र परिणामको स्थलगत अवलोकनपश्चात् लेखाजोखा गरी अभिलेखीकरण गर्ने तथा पृष्ठपोषण गर्ने कार्य सम्झनु पर्छ ।



देव कुमार ढकाल
प्रदेश सचिव

(ग) "उद्योग" भन्नाले प्रचलित कानुन बमोजिम वन पैदावार सङ्कलन तथा प्रशोधन गरी उत्पादन र बिक्री वितरण गर्न पाउने गरी औद्योगिक व्यवसाय ऐन, २०७६ तथा सुदूरपश्चिम प्रादेशिक औद्योगिक व्यवसाय ऐन, २०७५ बमोजिम दर्ता भई सञ्चालनमा रहेको उद्योगलाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले उपभोक्ता समूहको विधान बमोजिम गठित कार्य समिति सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समूह" भन्नाले सामुदायिक वनको व्यवस्थापन र उपयोग गर्न ऐनको दफा ५१ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनु पर्छ ।

(च) "ऐन" भन्नाले सुदुरपश्चिम प्रदेश वन ऐन, २०७७ सम्झनु पर्छ ।

(छ) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको कम्पनीलाई जनाउँछ ।

(ज) "काठ" भन्नाले दुई फिट वा सो भन्दा बढी लम्बाइ र एक दशमलव पाँच फिट वा सो भन्दा बढी गोलाइ भएको चिरानको रुपमा जान सक्ने गोलिया काठ सम्झनु पर्छ र सो शब्दले खयर प्रजातिको हकमा जतिसुकै आकार वा नापको काठलाई समेत जनाउँछ ।

(झ) "कामदार" भन्नाले उपभोक्ता समूह वा उद्योगले कार्ययोजना बमोजिम वन क्षेत्रबाट वन पैदावार सङ्कलन गर्न, यस्तो वन पैदावार घाटगद्दी डिपोसम्म ढुवानी गर्न र त्यहाँ राखिएका वन पैदावार संरक्षण गर्न खटाइएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको व्यवस्थापन, विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग र बिक्री वितरण गर्न उपभोक्ता समूहले तयार गरी ऐनको दफा ३० बमोजिम डिभिजनल वन अधिकृतबाट स्वीकृत सामुदायिक वनको कार्ययोजना सम्झनु पर्छ ।

(ट) "घाटगद्दी" भन्नाले उपभोक्ता समूहले वन कार्यालयसँग समन्वय गरी काठ, दाउरा, पोल एवं बल्लाबल्ली बिक्री वितरणका लागि सुरक्षित राख्न निर्धारण गरेको ठाउँलाई सम्झनु पर्छ । ।

(ठ) "चट्टा" भन्नाले २०'x ५'x ५' (५०० घन फीट) को दाउराको थुप्रो सम्झनु पर्छ ।

(ड) "छपान रुख" भन्नाले यस निर्देशिकमा उल्लिखित प्रक्रिया बमोजिम सामुदायिक वन भित्र छपान गरिएका रुखहरू सम्झनु पर्छ ।

(ढ) "टाँचा" भन्नाले खडा एवं ढलापडा रुख तथा ओसार पसार गरिने काठमा छाप, चिन्ह वा निशाना लगाउने प्रयोजनका लागि स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लिखित ढाँचामा तयार गरी नियमावलीको नियम ४२ उपनियम (१) बमोजिम डिभिजन वन कार्यालयमा दर्ता गरिएको टाँचालाई सम्झनु पर्छ । यो शब्दले डिभिजन वन कार्यालयले प्रयोग गर्ने टाँचालाई समेत जनाउँछ ।

(ण) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(त) "दाउरा" भन्नाले दुई फिटभन्दा कम लम्बाइ र एक दशमलव पाँच फिटभन्दा कम गोलाइ भएको गोलिया काठ सम्झनु पर्छ र सो शब्दले एक दशमलव पाँच फिटभन्दा बढी गोलाइ भए तापनि धोद्रो वा सडेको वा मक्किएको भई चिरानको रुपमा जान नसक्ने खयर बाहेकको गोलिया काठलाई समेत जनाउँछ ।

(थ) "नियमावली" भन्नाले सुदुरपश्चिम प्रदेश वन नियमावली, २०७८ सम्झनु पर्छ ।

(द) "प्लट" भन्नाले सामुदायिक वनको कार्ययोजना बमोजिम वार्षिक रूपमा वन व्यवस्थापन (संरक्षण, संवर्द्धन र सदुपयोग) गर्न छुट्याइएको खण्ड, उपखण्ड वा सो भित्रको क्षेत्रलाई सम्झनु पर्छ र यो शब्दले सामुदायिक वन भित्र प्रदेश वा राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना सञ्चालनका लागि उपभोक्ता समूहको सहमतिमा रुखहरू हटाउने गरी निर्धारण गरिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ध) "बल्लावल्ली" भन्नाले एक दशमलव पाँच फिटदेखि दुई दशमलव पाँच फिटसम्म गोलाइ भएको र छ फिटभन्दा बढी लम्बाइ भएको गोलिया काठ सम्झनु पर्छ। (ध) "बोलपत्र" भन्नाले उपभोक्ता समूहले बिक्री गर्ने वन पैदावार खरिद गर्न नियमावलीको नियम ९ को उपनियम (२) बमोजिमका उद्योगले सोही प्रयोजनको लागि समूहद्वारा बिक्री गरिएको बोलपत्र फाराम भरी खामबन्दी गरी लाहाछाप लगाई पेश गरेको दररेट विवरण सहितको प्रस्ताव र सोसँग सम्बन्धित अन्य कागजात सम्झनु पर्छ।

(न) "बोलपत्र फाराम" भन्नाले वन पैदावार बिक्री प्रयोजनको लागि सम्बन्धित उपभोक्ता समूहको अध्यक्ष वा निजले तोकेको पदाधिकारीको दस्तखत र छाप लागेको तथा वन पैदावार प्रतिस्पर्धाबाट लिलाम बिक्रीका लागि

तोकिएका शर्तहरू उल्लेख भएको अनुसूची-१७ बमोजिमको फाराम सम्झनु पर्छ ।

(प) "लट" भन्नाले घाटगद्दीमा लिलाम बिक्री वितरण गर्ने उद्देश्यले गोलिया वा चिरान काठलाई एक माथि अर्को गरी चाङ मिलाई एक वा बढी ठाउँमा राखिएका निश्चित थान र परिमाण भएको थुप्रोलाई सम्झनु पर्छ र यो शब्दले दाउराको हकमा चट्टा सम्झनु पर्छ ।

(फ) "वन पैदावार" भन्नाले ऐनको दफा २ को खण्ड (स) बमोजिमको वन पैदावार सम्झनु पर्छ।

(ब) "वन व्यवस्थापन" भन्नाले दिगो रूपमा वनको संरक्षण, संवर्द्धन र सदुपयोगका लागि सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम सञ्चालन गरिने क्रियाकलाप सम्झनु पर्छ ।

(भ) "वन संरक्षण" भन्नाले वन अतिक्रमण र वन पैदावारको चोरी निकासी नियन्त्रण गर्ने, चरीचरन व्यवस्थित गर्ने, आगलागी नियन्त्रण गर्ने, भू-क्षय नियन्त्रण गर्ने र रुख विरुवामा लाग्ने रोग किरा नियन्त्रण गर्ने जस्ता कार्य सम्झनु पर्छ ।

(म) "विधान" भन्नाले उपभोक्ता समूहको साधारण सभाबाट पारित डिभिजन वन कार्यालयबाट स्वीकृत विधान सम्झनु पर्छ ।

(य) "वृद्धि मौज्दात (ग्रोइङ्ग स्टक)" भन्नाले कुनै वन या वन खण्डमा रहेका सम्पूर्ण खडा रुख बिरुवाहरूको कुल परिमाण भन्ने बुझिन्छ । वनको वृद्धि मौज्दातलाई सङ्ख्या प्रति हेक्टर, आयतन घन फिट प्रति हेक्टर, बायोमास (दाउरा,स्याउला, घाँस आदि), के. जी. प्रति हेक्टर आदिमा नाप्न सकिन्छ ।

## परिच्छेद-२

## वन पैदावारको माग सङ्कलन र लगत तयारी

३. **वन व्यवस्थापन सम्बन्धी कार्य गर्नुपर्ने:** (१) वनको दिगो व्यवस्थापन तथा सदुपयोग सुनिश्चित गर्न सामुदायिक वनको कार्ययोजनाले निर्दिष्ट गरेका वन व्यवस्थापन सम्बन्धी कार्य तोकिएको समयमा सम्पन्न गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले सम्पन्न गरेका कार्यको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन तोकिएको समयभित्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. **वन पैदावार सङ्कलन गर्ने अवधिः** (१) डिभिजनल वन अधिकृतले सामुदायिक वनक्षेत्रबाट असोज एक गतेदेखि फागुन मसान्तसम्म रुख छपान तथा कटान गरिसक्ने गरी सङ्कलन सहमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कटान भएका रुखबाट प्राप्त हुने काठ दाउराको सङ्कलन तथा घाटगद्दी वैशाख मसान्त सम्म गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको अवधिभित्र रुख कटान गरी काठ दाउरा सङ्कलन तथा घाटगद्दी गर्न नसकिएको उचित र पर्याप्त कारण भएमा प्रदेश वन निर्देशकको सहमतिमा डिभिजनल वन अधिकृतले बढीमा एक महिना अवधि थप गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र रुख कटान गरी काठ दाउरा सङ्कलन गर्न नसकिएमा डिभिजनल वन अधिकृतले प्रदेश वन निर्देशकको सहमति लिई कटान गर्न बाँकी रुखको छपान असार पन्ध्र गतेभित्र रद्द गर्नु पर्नेछ ।

(५) बाढी, पहिरो, हावाहुरी, हिमपात, आगजनी, किरा र रोगको संक्रमण जस्ता विपद्जन्य घटनाका कारण वन पैदावारमा क्षति पुग्न गई काठ दाउरा सड्ने वा नासिने भएमा त्यस्ता काठ दाउरालाई वन क्षेत्रबाट हटाउन वा सङ्कलन गर्न सामुदायिक वनको कार्ययोजनाले तोकेको वार्षिक स्वीकार्य कटान परिमाणको हदले बाधा पुर्‍याएको मानिने छैन । यस्तो अवस्थामा काठ दाउरा कटान तथा सङ्कलन भएपछि सामुदायिक वनको कार्ययोजनामा भएको कुल वृद्धि मौज्दात (ग्रोइङ्ग स्टक) मा घट्न गएको परिमाणलाई नियमावलीको अनुसूची-२ बमोजिम कार्ययोजनामा समायोजन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको वन पैदावारमा क्षति पुगेमा उपभोक्ता समूहले यथाशीघ्र सोको प्रारम्भिक विवरण डिभिजनल वन अधिकृतलाई पेश गर्नु पर्नेछ र सोको जानकारी नजिकको प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तह समेतलाई दिनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको विवरण प्राप्त भएपछि डिभिजनल वन अधिकृतले तत्काल स्थलगत निरीक्षणको लागि वन प्राविधिक कर्मचारी खटाई घटनाको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको विवरण प्राप्त भएपछि जिल्ला विपद् व्यवस्थापन समितिले वन पैदावार कटान तथा सङ्कलन गर्न डिभिजन वन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम सिफारिस प्राप्त भएपछि डिभिजनल वन अधिकृतले उपदफा (५) बमोजिमको वन पैदावारको मापन तथा लगत मूल्याङ्कन गरी निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पेश भएका वन पैदावारको मापन तथा लगत मूल्याङ्कनका सम्बन्धमा निर्देशनालयले स्थलगत अनुगमन गरी उपयुक्त देखेमा कटान तथा सङ्कलन स्वीकृतिका लागि मन्त्रालयमा सिफारिस गर्न सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम सिफारिस प्राप्त भएपछि उपयुक्त लागेमा मन्त्रालयले कटान तथा सङ्कलनका लागि स्वीकृति दिन सक्नेछ ।

(१२) उपदफा (११) बमोजिम स्वीकृति प्राप्त भएपछि डिभिजनल वन अधिकृतले कटान तथा सङ्कलन गर्न उपभोक्ता समूहलाई अनुमति दिनु पर्नेछ ।

५. <u>वन पैदावारको वार्षिक माग सङ्कलनः</u> (१) उपभोक्ता समितिले वार्षिक रुपमा आफ्नो सामुदायिक वनबाट वन पैदावार सङ्कलन गर्नुपूर्व आफ्नो उपभोक्ता समूहका उपभोक्ताहरूको काठ, दाउरा र अन्य वन पैदावारको माग सङ्कलन कार्य वार्षिक साधारण सभा अघि नै गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग सङ्कलन गर्दा प्रत्येक उपभोक्ताको नाम, ठेगाना र माग गरिएको वन पैदावारको किसिम (काठ, दाउरा, बल्लाबल्ली र गैरकाष्ठ), जात, परिमाण र त्यस्तो वन पैदावारको माग गर्नुको कारण तथा विगतमा वन पैदावार प्राप्त गरेको भए सोको विवरण समेत खुलाउनु पर्नेछ ।

६. <u>वन पैदावारको लगत तयारीः</u> (१) उपभोक्ता समितिले आफ्ना घरधुरी सदस्यले माग गरेको काठ दाउराको छानबिन गरी आवश्यक हुन आउने कुल परिमाणलाई सामुदायिक वनको कार्ययोजनामा स्वीकृत वार्षिक सङ्कलन गर्न सकिने परिमाणसँग भिडाई सामुदायिक वनबाट निकाल्न मिल्ने काठ, दाउरा, बल्लाबल्ली र गैरकाष्ठ वन पैदावारको लगत तयार गर्नु पर्नेछ।

(२) सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम चालु आर्थिक वर्षमा आन्तरिक सदुपयोग, उपभोक्ता समूह बाहिर र व्यावसायिक प्रयोजनका लागि बिक्री वितरण गरिने वन पैदावारको विवरण मंसिर मसान्तभित्र साधारण सभाबाट पारित गराई अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित सबडिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-३

## रुख छपान, कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्दी

७. **वार्षिक कटानको परिमाणलाई आधार मानी प्लट निर्धारणः** (१) सामुदायिक वनको वन पैदावार सङ्कलन गर्दा सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिमको खण्ड उपखण्डमा सङ्कलन गर्न सकिने भनी तोकिएको परिमाणको अधीनमा रही प्लट निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्लट निर्धारण गर्दा पानीको मुहान, खोला र नदी किनारको क्षेत्र, भू-क्षय तथा पहिरो वरिपरिको भू-भाग, चुरे क्षेत्रमा अति संवेदनशील भू-भाग भनी किटान भएको क्षेत्र, अति भिरालो क्षेत्र, जैविक विविधता र सांस्कृतिक दृष्टिकोणले संरक्षण गर्नु पर्ने रुख सहितको क्षेत्र र अध्ययन अनुसन्धान गर्ने क्षेत्रलाई समावेश गर्न पाइने छैन ।

८. **कटानका लागि रुख छनौटमा प्राथमिकताः** (१) सामुदायिक वनमा कार्ययोजनाले तोकेको खण्ड वा उपखण्डबाट काठ दाउरा सङ्कलनको लागि कटान गर्न रुखहरू छनौट गर्दा ढलापढा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बाङ्गोटिङ्गो, बुढो रुखहरूलाई क्रमिक रूपमा प्राथमिकता दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका रुखहरू छनौट गर्दा सामुदायिक वनको कार्ययोजनामा उल्लिखित वार्षिक रूपमा सङ्कलन गर्न सकिने काठ दाउराको परिमाण अपुग भएमा निर्धारित प्लटमा छत्र घनत्व (क्यानोपी डेन्सिटी) बढी भई विभिन्न उमेर समूहका रुख बिरुवाको वृद्धि विकास अवरुद्ध गरिरहेका जीवित रुखहरू बन प्राविधिकको प्रत्यक्ष निर्देशनमा कटानको लागि छनौट गर्नु पर्नेछ ।

९. **रुख छपान तथा मूल्याङ्कनः** (१) उपभोक्ता समूहको आन्तरिक खपत वा व्यापारिक प्रयोजनका लागि दफा ८ बमोजिम कटान गर्न छनौट गरिएका रुखहरू छपान गर्दा डिभिजन वन कार्यालय मातहतको कम्तीमा राजपत्र अनङ्कित प्रथम श्रेणीको वन प्राविधिक (रेञ्जर वा सो सरह) र उपभोक्ता समूहले वन प्राविधिक (कम्तीमा आई. एस्सी. वा सो सरह उत्तीर्ण) को सहयोगमा प्रत्येक रुखको दुई ठाउँमा ६"x ६" को ब्लेज बनाई नम्बरिङ्ग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइने ब्लेज रुखको फेद (भुइँदेखि ६ इञ्चसम्म) र छातीको उचाइ (रुखको फेद देखि चार दशमलव पाँच फिट) मा हुनु पर्नेछ ।

(३) दुबै ब्लेज एक अर्काको विपरीत दिशामा रहने गरी दुबै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई इनामेलले छपान नम्बर लेख्नु पर्नेछ । ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएको अवस्थामा भएका रुखहरूमा विपरीत दिशामा ब्लेज बनाउन सम्भव नभए दुबै ब्लेजहरू एकै तर्फ पर्ने गरी ब्लेज बनाई छपान गर्न सकिनेछ ।

(४) रुख छपानपश्चात् वन प्राविधिकको सहयोगमा प्रत्येक छपान रुखको जात, व्यास, उचाइ, दर्जा (क्लास) मापन गरी अनुसूची-२ बमोजिमको ढाँचामा छपान रजिष्टर तयार गर्नु पर्नेछ । यसरी छपान रुखहरूको दर्जा निर्धारण गर्दा प्रचलित कानून बमोजिम वर्गीकरण गर्नु पर्नेछ।

(५) छपान रजिष्टरको आधारमा अनुसूची-३ बमोजिमको ढाँचामा छपान तेरिजको सारांश फाराम तयार गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम छपान तेरिजको आधारमा अनुसूची-४ बमोजिमको ढाँचामा स्थानीय आयतन तालिकाको सहयोगले छपान मूल्याङ्कन गरी उत्पादन हुने काठ दाउराको परिमाण यकिन गर्नु पर्नेछ । यसरी यकिन गर्दा कार्ययोजनामा स्वीकृत परिमाण भन्दा बढी भएमा त्यस्तो बढी भएको परिमाण बराबरको छपानको लागि गरिने नम्बरिङ्ग रद्द गर्नु पर्नेछ।

(७) रुखको छपान गर्दा उपभोक्ता समूह र डिभिजन वन कार्यालय दुवैको टाँचा संयुक्त रूपमा लगाउनु पर्नेछ ।

तर मध्य पहाडी, उच्च पहाडी तथा हिमाली जिल्लाहरूमा आन्तरिक खपतका लागि छपान कार्यमा सामुदायिक वन उपभोक्ता समूहको मात्र टाँचा लगाउन सकिनेछ ।

१०. <u>छपान चेकजाँच</u>: (१) दफा ९ बमोजिम रुख छपान गर्ने कार्य सम्पन्न भएको जानकारी उपभोक्ता समूहले सबडिभिजन वन कार्यालयलाई दिनु पर्नेछ र सबडिभिजन वन कार्यालयले सात दिनभित्र कार्ययोजना बमोजिम उपभोक्ता समितिका पदाधिकारीको रोहबरमा छपान रुखहरूमध्ये पच्चीस प्रतिशत छपान चेकजाँच गरी अनुसूची-५ बमोजिम डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधिले छपान गरेका रुखहरूमध्ये पन्ध्र प्रतिशत रुखको चेकजाँच गरी निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि प्रदेश वन निर्देशक वा निजले तोकेको अधिकृत प्रतिनिधिले पाँच प्रतिशत छपान रुखको चेकजाँच गर्नु पर्नेछ ।

तर आन्तरिक खपतको लागि गरिएको छपानमा निर्देशनालयले चेकजाँच गर्नुपर्ने छैन।

(४) उपदफा (३) बमोजिम निर्देशनालयले छपान चेकजाँच गर्दा छपान कार्य (रुखको गोलाइ, उचाइ र दर्जा समेत) त्रुटीपूर्ण भएमा वा कार्ययोजना बमोजिम छपान कार्य नभएमा उक्त कार्य सुधार गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

प्रमुख सचिव

(५) उपदफा (४) बमोजिम निर्देशनालयले दिएको निर्देशन डिभिजन वन कार्यालय, सबडिभिजन वन कार्यालय र उपभोक्ता समूहले अनिवार्य रूपमा पालन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्देशन पालना नगरी छपान कार्यमा सुधार नगर्ने कार्यमा संलग्न सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी र वन प्राविधिक दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

११. <u>सङ्कलन सहमति लिनुपर्ने</u>: (१) डिभिजन वन कार्यालय र सबडिभिजन वन कार्यालयबाट रुखको छपान र मूल्याङ्कन गर्दा कुनै कैफियत देखिएमा सोको सुधार भएपछि आन्तरिक खपतको लागि उपभोक्ता समूहले सबडिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयबाट वन पैदावार सङ्कलन सहमति लिनु पर्नेछ ।

(२) व्यापारिक प्रयोजनको लागि काठ दाउरा सङ्कलन गर्नु पर्ने भएमा उपभोक्ता समूहले त्यस्ता काठ दाउरा सङ्कलनको लागि अनुसूची-६ बमोजिम विवरण खुलाई सम्बन्धित सबडिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयबाट सहमति लिनु पर्नेछ ।

१२. <u>सङ्कलन सहमति दिनु पर्ने</u>: दफा ११ बमोजिम प्राप्त सिफारिस जाँचबुझ गर्दा उचित देखिएमा डिभिजन वन कार्यालयले अनुसूची-७ बमोजिमको ढाँचामा सङ्कलन सहमति दिनु पर्नेछ ।

१३. <u>रुखको कटान मुछान</u>: (१) कार्ययोजना बमोजिम निर्धारित प्लटमा कटान प्रयोजनका लागि छपान भई सहमति प्राप्त भएका रुख मात्र कटान गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहले आफ्नै खर्चमा सामुदायिक वनबाट रुख कटान, मुछान तथा सङ्कलन गर्नु पर्नेछ र यसका लागि कुनै व्यक्तिबाट सापटी लिन वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट रकम लिन पाइने छैन।

तर उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट सहमति लिई वित्तीय संस्थाबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

(३) रुख कटान, मुछान र ढुवानी कार्यका लागि उपभोक्ता समूहले आफ्नै समूहका स्थानीय उपभोक्तालाई पारिश्रमिक दिई परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ । यस्तो कार्यको लागि जिल्ला दररेट भन्दा बढी पारिश्रमिक दिन पाइने छैन ।

(४) छपान गरेको रुख कटान गर्दा बोट बिरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नु पर्नेछ र रुख कटान गर्दा तल्लो छपान ब्लेज प्रष्ट रूपमा देखिने गरी छोड्नु पर्नेछ।

(५) कटान भएका रुखका ठुटामा उपभोक्ता समूहको टाँचा लगाई कटानको क्रम बमोजिम नम्बर लेख्नु पर्नेछ ।

(६) छपान भएका रुख बाहेक अन्य रुख कटान गरे गराएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति, संस्था वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१४. <u>काठ दाउरा कटान मुछानको दररेट</u>: उपभोक्ता समूहले काठ दाउरा कटान, मुछान, सङ्कलन तथा ढुवानी गर्दा सम्बन्धित उपभोक्ताहरूलाई परिचालन गर्न नसक्ने भए उपभोक्ता समूहले प्रचलित जिल्ला दर रेटको आधारमा काठ दाउराको कारोबार गर्ने व्यक्ति, संघ, संस्था वा फर्मबाट घटीघटाउ प्रकृयाबाट गराउन सक्नेछ ।

१५. <u>गोलिया काठ र दाउराको नाप पैमाइस</u>: (१) कटान भएका प्रत्येक रुखलाई उचित तरिकाले मुछान (गिण्डा) गरी बजारको माग बमोजिम उपयुक्त साइजका गोलिया तयार गर्नु पर्नेछ ।

तर गोलिया र बल्लाबल्ली हुने काठलाई दाउरामा परिणत गर्न पाइने छैन ।

(२) मुछान गरिएका काठको गोलाई र लम्बाइको नापजाँच गर्नु पर्नेछ । काठको गोलाइको नाप साधारणतया बीचमा पर्ने गरी लिनु पर्नेछ र नाप गरिएको ठाउँमा चिन्ह लगाउनु पर्नेछ । गोलियामा धोद र मक्किएको भाग भएमा नाप पैमाइस गर्दा सो कट्टी गर्नु पर्नेछ ।

(३) गोलिया काठको नाप पैमाइस र धोद कट्टी प्रचलित कानून अनुसार गर्नु पर्नेछ।

१६. <u>काठको गुणस्तर (ग्रेड) निर्धारण</u>: (१) कटान गरिएका गोलिया काठको ग्रेड निर्धारण प्रचलित कानून अनुसार गर्नु पर्नेछ ।

(२) कटान गरिएका रुखबाट निस्केका प्रत्येक गोलियाको नाप पैमाइस गरी गोलियाको दुबै टक्करमा नमेटिने गरी इनामेलले वा नमेटिने प्रविधिले नाप साइज (गोलाइ र लम्बाइ), रुख नम्बर, गिण्डा नम्बर र गोलिया काठको ग्रेड प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नम्बरिङ्ग र ग्रेडिङ्ग गर्दा गोलियामा धोद र मक्किएको भाग भएमा सोको नाप पैमाइस गरी बुझिने गरी लेख्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमका गोलिया काठ र दाउराको लगत र नाप पैमाइस अनुसूची- ८ बमोजिम हुने गरी कटान रजिष्टर तयार गर्नु पर्नेछ ।

(५) काठ दाउराको वर्गीकरणका लागि उपभोक्ता समूहले आवश्यक भए सबडिभिजन वन कार्यालयको सहयोग लिन सक्नेछ ।

१७. काठ दाउरा ढुवानी र घाटगद्दी : (१) प्लटमा गोलिया काठ तयार भएपछि उपभोक्ता समूहले आफ्नै स्रोतसाधन र सहभागितामा कटान स्थलबाट डिभिजन वन कार्यालयले तोकेको घाटगद्दी स्थलसम्म काठ दाउरा ढुवानी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दीमा काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुवै टक्करमा उपभोक्ता समूहको टाँचा लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम काठ दाउरा ढुवानी गर्दा अनुसूची-९ अनुसार सम्बन्धित उपभोक्ता समूहको छाप र प्रतिनिधिको दस्तखत भएको चलान पुर्जी लिई ढुवानी गर्नु पर्नेछ।

(४) चलान पुर्जी बमोजिम चलानी भई आएको काठ दाउरा सम्बन्धित उपभोक्ता समूहले तोकेको आधिकारिक व्यक्तिले घाटगद्दीमा बुझी आम्दानी बाध्नु पर्नेछ । यसरी आम्दानी बाँध्नुअघि प्रत्येक गोलियालाई पुनःनाप पैमाइस गरी फरक परेमा सच्याई अनुसूची-१० बमोजिमको ढाँचामा घाटगद्दी रजिष्टरमा चढाई व्यवस्थित तरिकाले काठको हकमा निश्चित साइजका धाङ र दाउराको हकमा चट्टा बनाई राख्नु पर्नेछ र यसरी नाप पैमाइस गरिएको घाटगद्दी रजिष्टरलाई उपभोक्ता समूहका अध्यक्षबाट प्रमाणित गराउनु पर्नेछ ।

(५) पहाडी क्षेत्र वा विकट क्षेत्रको प्लटबाट घाटगद्दीसम्म काठ ढुवानी गर्न गोलिया काठलाई चिरान नगरी ढुवानी गर्न नसकिने अवस्था भएमा सम्बन्धित सबडिभिजन वन कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयको अनुमति लिई स्थानीय अनुभवी आराकसीहरू परिचालन गरी हाते आराबाट गोलिया काठ चिरान गरी घाटगद्दी गर्नु पर्नेछ ।

(६) चिरान गरिएको गोलिया काठको नम्बर, नाप र सङ्ख्या तथा प्रत्येक गोलियाबाट निस्केको चिरान काठको नाप रजिष्टरमा छुट्टै लगत राखी डिपोमा आम्दानी बाँध्नु पर्नेछ ।

(७) घाटगद्दीमा काठको धाङ बनाउँदा सकेसम्म प्लटबाट प्राप्त चलानीको सिलसिला बमोजिमका काठलाई लामो गोलियालाई सबैभन्दा तल र छोटो गोलिया माथि हुने गरी क्रमशः मिलाएर राख्नु पर्नेछ ।

(८) घाटगद्दीमा दाउराको चट्टा प्रचलित कानून अनुसार बनाउनु पर्नेछ ।

(९) घाटगद्दीमा रहेको काठ दाउरालाई आगलागीबाट जोगाउन, चोरी निकासी हुनबाट रोक्न र अन्य किसिमले नोक्सान हुन वा गुणस्तर ह्रास हुन नदिनका लागि उपभोक्ता समूहले हेरालु राखी सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

१८. निरीक्षण गर्नुपर्नेः (१) उपभोक्ता समूहले यस परिच्छेद बमोजिम रुख छपान, कटान, मुछान एवम् काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस लगायतका कार्य गर्दा स्वीकृत कार्ययोजना र वन सम्बन्धी कानूनको पालना गरे नगरेको विषयमा सबडिभिजन वन

कार्यालयले समय समयमा सम्बन्धित प्लट र घाटगद्दीमा गई निरीक्षण गरी उपभोक्ता समूहलाई आवश्यक प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षणपश्चात् कामको प्रगति डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षण प्रतिवेदन प्राप्त भएपछि डिभिजन वन कार्यालयले उपभोक्ता समूहले गरेको समग्र काम कारबाहीका बारेमा कम्तीमा एक पटक प्लट र घाटगद्दीको निरीक्षण गर्नु पर्नेछ । यसरी निरीक्षण गर्दा छपान भन्दा बढी रुख कटान भए नभएको, उपभोक्ता समूहले प्रदान गरेको काठ कटान र ढुवानीको दररेट जिल्लाको निर्धारित दररेटको परिधिभित्र रहे नरहेको तथा काठको वर्गीकरण राम्रोसँग भए नभएको विषयमा डिभिजन वन कार्यालयबाट पन्ध्र प्रतिशत चेक जाँच गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम डिभिजन वन कार्यालयबाट चेकजाँचपश्चात निर्देशनालयले पाँच प्रतिशत चेक जाँच गर्न सक्नेछ ।

१९. <u>कटान क्षेत्रको अन्तिम जाँच</u>ः (१) उपभोक्ता समूहले काठ दाउरासम्बन्धी काम गर्ने सेवा प्रदायक व्यक्ति, संस्था वा फर्म मार्फत काठ दाउरा सङ्कलन गरेको प्लटमा सबडिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयका अधिकृत कर्मचारीको संलग्नतामा काम सम्पन्न भएको एक महिना भित्र सम्बन्धित काठ दाउराको कारोबार गर्ने व्यक्ति, संस्था वा फर्मको प्रतिनिधिलाई रोहबरमा राखी अनुसूची-११ बमोजम कटान क्षेत्र (प्लट) को अन्तिम जाँच गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा यस निर्देशिका बमोजिम भएको नपाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद-४
## <u>उपभोक्ता समूहमा आन्तरिक खपतका लागि काठ दाउरा बिक्री वितरण</u>

२०. <u>आन्तरिक खपतको लागि काठ दाउरा छुट्याउनु पर्ने</u>ः (१) डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहबाट सङ्कलन भएको वन पैदावार उपयोगको लागि अनुमति प्रदान गर्दा सम्बन्धित उपभोक्ता समूहलाई प्रत्येक आर्थिक वर्ष अनुसार प्राप्त हुने काठ दाउरा उपभोक्ता समूहको आन्तरिक प्रयोजन र दफा २७ को उपदफा (१) बमोजिम जिल्ला वन पैदावार आपूर्ति समितिलाई एकैसाथ काठ दाउरा छुट्याउन लगाउनु पर्नेछ । उपभोक्ता समूहमा आन्तरिक खपतका लागि काठ दाउरा बिक्री वितरण देहाय बमोजिम गर्नु पर्नेछः-

(क) <u>घरकाज</u>ः घरकाजका लागि काठ दाउरा उपलब्ध गराउँदा सम्बन्धित उपभोक्ता समूहको विधान र कार्ययोजनामा उल्लिखित घर तथा गोठ

निर्माण वा मर्मत र घरायसी प्रयोजनका लागि हलो जुवा लगायतका कृषि औजार र फर्निचर निर्माणका लागि बिक्री वितरण गर्नु पर्ने,

(ख) प्राकृतिक विपत्तिः उपभोक्ता समूहमा सदस्य रहेका घरधुरी प्राकृतिक विपत्तिमा परी घर, गोठ वा आवास क्षति भएमा सोको पुनःनिर्माण वा मर्मतका लागि सम्बन्धित उपभोक्ता समूहको कार्ययोजना बमोजिम वा कार्ययोजनामा नतोकिएकोमा क्षतिको अवस्था र काठ दाउराको उपलब्धतालाई मध्यनजर गर्दै आवश्यकता बमोजिमको काठ रोयल्टी रेटको दश प्रतिशत मूल्य लिई तत्काल बिक्री वितरण गर्नु पर्ने,

(ग) दाहसंस्कारः दाहसंस्कारको प्रयोजनका लागि उपभोक्ता समूहका सदस्यका घरधुरीलाई उपलब्ध भएसम्म कार्ययोजनामा उल्लिखित दाउरा उपलब्ध गराउने र उपभोक्ता समूह बाहेक अन्य क्षेत्रका घरधुरीलाई दाहसंस्कार प्रयोजनका लागि दाउरा उपलब्ध गराउन सक्ने भए सम्बन्धित उपभोक्ता समूहले आफ्नो कार्ययोजनामा उल्लिखित न्यूनतम दरमा दाउरा बिक्री वितरण गर्नु पर्ने,

(घ) धार्मिक कार्यः उपभोक्ता समूहभित्र वा सम्बन्धित गाउँपालिका वा नगरपालिकाभित्र सञ्चालन हुने धार्मिक कार्य, धर्मशाला वा वृद्धाश्रम निर्माणका लागि काठ, बल्लाबल्ली वा दाउरा माग भएमा उपभोक्ता समूहले कार्ययोजनामा उल्लिखित मूल्यमा बिक्री वितरण गर्नु पर्ने,

(ङ) विकास निर्माणः उपभोक्ता समूहको साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम सो उपभोक्ता समूहमार्फत् श्रमदानमा सञ्चालन हुने विकास निर्माण कार्यको लागि लगत राखी आवश्यक काठ प्रयोग गर्नु पर्ने।

(२) उपभोक्ता समूहभित्र आन्तरिक खपतका लागि काठ दाउरा बिक्री वितरण गर्दा उपभोक्ता समूहका गरिब तथा विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बिक्री वितरण गरिएको काठ दाउरा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

२१. उपभोक्तालाई काठ दाउरा बिक्री वितरण : (१) उपभोक्ता समूहले उपभोक्ताबाट सङ्कलन गरेको काठ दाउराको माग र कार्ययोजना बमोजिम वार्षिक रूपमा आपूर्ति हुन सक्ने काठ दाउराको परिमाणलाई मध्यनजर गर्दै काठ दाउरा उपलब्ध गराउनु पर्ने घरधुरीको विवरण तयार गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहले उपभोक्तालाई काठ दाउरा बिक्री वितरण गर्दा आपूर्ति भन्दा माग बढी भएमा देहायको प्राथमिकीकरण गरी बिक्री वितरण गर्नु पर्नेछः-

(क) दाहसंस्कार र उपभोक्ता समूहभित्र प्राकृतिक विपत्ति परी काठ दाउरा अत्यावश्यक भएका घरधुरी,

(ख) घरायसी प्रयोजनका लागि हलो जुवा लगायतका कृषि औजार निर्माण,

(ग) आवास तथा गोठ निर्माण वा मर्मत सम्भारका लागि विगत वर्षमा काठ दाउरा माग भई पाउन नसकेका घरधुरी,

(घ) धार्मिक कार्य, धर्मशाला वा वृद्धाश्रम निर्माण,

(ङ) घरायसी प्रयोजनका लागि फर्निचर लगायतका सामग्रीको निर्माण ।

२२. उपभोक्ताको लागि काठ दाउराको मूल्य निर्धारण: उपभोक्ता समूहका सदस्यको लागि घरकाज प्रयोजनमा उपलब्ध गराइने काठ दाउराको न्यूनतम मूल्य कार्ययोजनामा तोक्दा प्रचलित कानूनमा तोकिएको मूल्यमा उपभोक्ता समूहको लागत खर्च समेत जोडी मूल्य निर्धारण गर्नु पर्नेछ ।

२३. परम्परागत पेशा र सँस्कृतिको लागि काठ दाउरा उपलब्ध गराउन सकने: (१) उपभोक्ता समूहले आफ्नो समूहभित्र रहेका गरिब तथा विपन्न घरधुरीलाई गोल बनाउने जस्ता परम्परागत पेशालाई निरन्तरता दिने कार्यको लागि जराठुटा, दाउरा र हाँगा बिगाबाट सहुलियत दरमा दाउरा उपलब्ध गराउन सक्नेछ ।

(२) उपभोक्ता समूहभित्रका आदिवासी जनजाति र महिलाले सांस्कृतिक प्रयोजनका लागि उपयोग गर्ने वन पैदावार कार्ययोजना बमोजिम उपलब्ध गराउन सक्नेछ ।

२४. गोलिया तथा चिरान काठ बिक्री वितरण: (१) उपभोक्ता समूहले डिभिजन वन कार्यालयको सहमति लिई उपभोक्तालाई घरकाजका लागि कार्ययोजनामा तोकिएको मूल्य लिई सकभर गोलिया काठ नै उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्तालाई घरायसी खपतका लागि काठ बिक्री वितरण गर्दा गोलिया वितरण गर्न सम्भव नभए सम्बन्धित सबडिभिजन वन कार्यालयको निगरानीमा चिरान गरी तयार भएको चिरान काठ बिक्री वितरण गर्न सकिनेछ ।

२५. व्यापारिक प्रयोजनका लागि बिक्री गर्न नपाइने: (१) उपभोक्ताले यस परिच्छेद बमोजिम घरकाज प्रयोजनका लागि प्राप्त गरेको काठ दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्न पाइने छैन ।

(२) उपदफा (१) विपरीत कुनै उपभोक्ताले घरकाजको लागि प्राप्त गरेको काठ दाउरा आफैं प्रयोग नगरी बिक्री वितरण गरेको पाइएमा उपभोक्ता समूहले त्यस्ता उपभोक्तालाई विधान तथा कार्ययोजना बमोजिम कारबाही गरी निश्चित अवधिसम्म काठ दाउरा आपूर्तिमा बन्देज लगाउनु पर्नेछ ।

तर उपभोक्ता समूहका घरधुरीले आफ्नो परम्परागत सीप प्रयोग गरी तयार गरेको सामान्य कृषिऔजार, डोकोडालो, थुन्से, चित्राका सामान, नाम्लो, दाम्लो लगायतका डोरी, काठका भाँडा तथा काठ, बाँस वा निगालाबाट बनाइने साँस्कृतिक महत्वका कलात्मक वस्तु र परम्परागत पेशासँग जोडिएका वस्तुको उत्पादन र बिक्री वितरण गर्दा उपदफा (१) विपरीत भएको मानिने छैन ।

२६. सम्पन्नता स्तरीकरण र वन पैदावार आपूर्तिमा सहुलियतः (१) उपभोक्ता समूहले आफ्नो समूहभित्रका विपन्न वर्गका लागि काठ दाउरा उपलब्ध गराउँदा उपभोक्ता समूहले साधारण सभाबाट घरधुरीको सम्पन्नता स्तरीकरण गरी विपन्न घरधुरीको पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान भएका विपन्न परिवारका लागि कार्ययोजनामा उल्लेख भएमा सोही बमोजिम र नभएमा सहुलियत मूल्यमा काठ दाउरा उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले विपन्न घरधुरीका लागि काठ उपलब्ध गराउँदा उपभोक्ता समूहको तर्फबाट सकभर चिरान काठ उपलब्ध गराउनु पर्नेछ । चिरान काठ तयार गर्दा लागेको खर्च उपभोक्ता समूहले आफ्नो कोषमा सञ्चित रकम भएमा सोही कोषबाट व्यहोर्नु पर्ने र नभएमा सम्वन्धित पक्षलाई तिर्न लगाउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले आफ्नो समूहमा भएका घरधुरीमध्ये वृद्धवृद्धा मात्र भएका, विधुवा मात्र भएका, एकल महिला मात्र भएका र द्वन्द्वमा परी अभिभावक गुमाएका टुहुराटुहरी मात्र भएका घरधुरीका लागि आवश्यक पर्ने चिरान काठ र दाउरा उपलब्ध भएसम्म एक पटकका लागि निःशुल्क र त्यसपछि न्यायोचित मूल्य लिई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-५

## सामुदायिक वनको काठ दाउरा समूह बाहिर बिक्री वितरण

२७. उपभोक्ता समूह बाहिर काठ दाउरा बिक्री वितरण : (१) उपभोक्ता समूहले ऐनको दफा ७६ को उपदफा (१) बमोजिम विपद् व्यवस्थापन, घरकाज, कृषि औजार, धार्मिक तथा साँस्कृतिक कार्य, शव दहन जस्ता कार्यमा उपभोक्ता समूह बाहिरका व्यक्ति, संघ संस्थाको प्रयोगका लागि जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएको काठ दाउरा प्रचलित

कानून बमोजिमको न्यूनतम मूल्यमा कटान, मुछान, ढुवानी र अन्य खर्च समेत जोडी कायम हुन आउने मूल्यमा बिक्री वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम काठ दाउरा बिक्री वितरण गरी बाँकी काठ दाउरा दफा २१ बमोजिम बिक्री वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम काठ दाउरा बिक्री वितरण गरी बाँकी काठ दाउरा व्यापारिक प्रयोजनका लागि बिक्री गर्न सकिनेछ । यसरी व्यापारिक प्रयोजनका लागि काठ बिक्री गर्दा उपभोक्ता समूहमा मौज्दात चिरान वा गोलिया दुवै किसिमको काठ बिक्री वितरण गर्न सकिनेछ।

(४) उपभोक्ता समूहले व्यापारिक प्रयोजनका लागि सकभर गोलिया काठ बिक्री गर्नु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यापारिक प्रयोजनका लागि काठ दाउरा बिक्री गर्दा खुला प्रतिस्पर्धा गराई बोलपत्र आह्वानको माध्यमबाट बिक्री गर्नु पर्नेछ ।

२८. <u>सहमति दिनुपर्ने</u> : (१) उपभोक्ता समूहले दफा २७ बमोजिम बिक्री गरिने काठ दाउराको लगत तयार गरी अनुसूची-१२ बमोजिमको विवरण खुलाई सबडिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा सहमति माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत सहितको निवेदनमा आवश्यक जाँचबुझ गर्दा उचित देखिएमा डिभिजनल वन अधिकृतले सात दिनभित्र अनुसूची-१३ बमोजिमको ढाँचामा उपभोक्ता समूहलाई काठ दाउरा बिक्री वितरणको लागि सहमति दिनु पर्नेछ ।

२९. <u>लिलाम बिक्रीको लागि लट कायम गर्नु पर्ने</u> : दफा २८ बमोजिम सहमति प्राप्त भएपछि उपभोक्ता समूहले अनुसूची-१४ बमोजिमको काठ दाउराको कुल परिमाणको आधारमा एक वा बढी लट बनाई सबडिभिजन वन कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्नेछ।

३०. <u>लिलाम बिक्री गर्ने काठ दाउराको न्यूनतम मूल्य निर्धारण</u> : उपभोक्ता समूहले काठ दाउरा लिलाम बिक्री गर्दा प्रचलित कानून अनुसारको मूल्यमा काठ दाउरा सङ्कलनको कटान, मुछान, ढुवानी र अन्य खर्च समेत जोडी न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

तर जिल्लास्थित नेपाल वन निगम लिमिटेड र जिल्ला वन पैदावार आपूर्ति समितिले निर्धारण गरेको दररेट भन्दा कम हुने गरी न्यूनतम मूल्य निर्धारण गर्न पाइने छैन ।

३१. <u>बोलपत्र आह्वानबाट लिलाम बिक्री</u> : (१) उपभोक्ता समूहले दफा २७ को उपदफा (५) बमोजिम एक लाख रुपैयाँसम्म मूल्याङ्कन भएको वन पैदावार लिलाम बिक्री गर्नु पर्ने भए

पन्ध्र दिन र सोभन्दा बढी मूल्य पर्ने भए एक्काइस दिनको म्याद दिई बोलपत्र आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसूची-१५ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी अनुसूची-१६ बमोजिमको ढाँचामा कम्तीमा जिल्ला समन्वय समितिको कार्यालय, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित डिभिजन वन कार्यालय, जिल्ला मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, सबडिभिजन वन कार्यालय, सम्बन्धित उपभोक्ता समूह एवम् वनसँग सम्बन्धित अन्य कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायका कुरा खुलाउनु पर्नेछः-

(क) बोलपत्र दाखिला गर्ने तरिका,
(ख) बोलपत्र खरिद तथा दाखिला गर्ने कार्यालय वा निकायको नाम,
(ग) बोलपत्र बापत लाग्ने दस्तुर,
(घ) बोलपत्र दाखिला गनुपर्ने अन्तिम मिति, समय र स्थान,
(ङ) बोलपत्र खोल्ने मिति, समय र स्थान,
(च) अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको कुरालाई मान्यता दिने,
(छ) बोलपत्रसाथ दाखिला गर्नुपर्ने कागजात,
(ज) बिक्री सदर भएको मितिले दश दिनभित्र रकम बुझाउनुपर्ने,
(झ) बोलपत्र सदर भएको मितिले वन पैदावार उठाई लैजानु पर्ने अवधि,
(ञ) बिक्री गरिने वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने,
(ट) बोलपत्र मान्य नहुने अवस्था,
(ठ) शर्त राखिएका बोलपत्र स्वीकृत नहुने,
(ड) बोलपत्रसँग सम्बन्धित अन्य आवश्यक कुराहरू ।

(४) देहाय बमोजिम प्राप्त बोलपत्र मान्य हुने छैनः-

(क) खाम सिलबन्दी नभै प्राप्त हुन आएका बोलपत्र,
(ख) सम्बन्धित उपभोक्ता समूहको छाप लगाई प्रमाणित नभएको वा फोटोकपी पेश गरिएको बोलपत्र,
(ग) बोलपत्र खरिद गर्नेको नामबाट पेश नगरी अर्कैको नामबाट पेश गरिएको बोलपत्र,

(घ) बोलपत्र दाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र,

(ङ) सकार अङ्कको दश प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको वा छ महिना भन्दा घटीको बैंक ग्यारेण्टी धरौटीको रूपमा पेश भएको बोलपत्र,

(च) बोलपत्र आह्वानको सूचनामा तोकिएका अन्य शर्तहरू पूरा नगरेको ।

(५) यस दफा बमोजिम आह्वान गरिएको बोलपत्र देहाय बमोजिम बिक्री गरिनेछः-

(क) अनुसूची-१७ बमोजिमको ढाँचामा प्रत्येक बोलपत्र फाराममा सूचना प्रकाशित गर्ने उपभोक्ता समूहको अध्यक्ष वा अध्यक्षले तोकेको पदाधिकारीको दस्तखत र छाप लागेको हुनुपर्ने,

(ख) बोलपत्र सम्बन्धित उपभोक्ता समूहको कार्यालयबाट बिक्री गर्नु पर्ने,

(ग) उपभोक्ता समूहले रजिष्टरमा खरीदकर्ताको नाम, ठेगाना, मिति र दस्तखत समेत गराई निम्नानुसारको दस्तुर लिई बोलपत्र फाराम बिक्री गर्नु पर्नेछः-

(१) रु. एक लाखसम्म मूल्य कायम भएको वन पैदावारको लागि रु. ३००।-,

(२) रु. एक लाखदेखि दश लाखसम्म मूल्य कायम भएको वन पैदावारको लागि रु. १०००।-,

(३) रु. दश लाख भन्दा बढी मूल्य कायम भएको वन पैदावारका लागि रु. २०००।- ।

(६) देहायका शर्त पूरा गर्ने व्यक्ति, फर्म, कम्पनी, उद्योगले बोलपत्र आह्वानको माध्यमबाट वन पैदावारको बिक्री प्रक्रियामा भाग लिन पाउने छन्:-

(क) काठको बोलपत्र आह्वानको प्रतिस्पर्धामा प्रचलित कानुन बमोजिम दर्ता भई लिलाम बिक्रिको सूचना प्रकाशन पूर्व डिभिजन वन कार्यालयमा सूचीकृत भएका स:मिल, भेनियर तथा प्लाईउड उद्योग, कागज उद्योग, पार्टिकल बोर्ड फ्याक्ट्री, ब्लक बोर्ड फ्याक्ट्री र खयर काठको हकमा कत्था उद्योग,

(ख) खण्ड (क) बमोजिम बोलपत्र आह्वानको प्रतिस्पर्धामा भाग लिने उद्योगले आयकर दर्ता र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गर्ने,

(ग) काठ बाहेक अन्य वन पैदावारको बोलपत्र आह्वानको प्रतिस्पर्धामा भाग लिने व्यक्ति वा वनपैदावारको उद्योग व्यवसाय गर्ने फर्म, कम्पनी वा उद्योगले स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, आयकर दर्ताको प्रमाणपत्र र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र पेश गर्ने,

(घ) वन पैदावार चोरी तस्करीमा अभियोग लागेको वा सजाय पाएको व्यक्ति, फर्म वा कम्पनी वा उद्योगले बोलपत्रको प्रतिस्पर्धामा भाग लिन नपाउने,

(ङ) सरकारी वा अर्धसरकारी कार्यालयले बोलपत्रको प्रतिस्पर्धामा भाग लिएमा स्थायी लेखा नम्बर वा आयकर दर्ता र मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र पेश गर्नु नपर्ने ।

(७) रितपूर्वक पर्न आएका बोलपत्रहरूलाई उपभोक्ता समितिले छुट्टै रजिष्टरमा दर्ता गरी बोलपत्र दर्ताको समय समाप्त भएपछि दर्ता भएका सम्पूर्ण बोलपत्रहरू सुरक्षित राखी रजिष्टरमा उपभोक्ता समूहका अध्यक्ष र सचिवले प्रमाणित गरी बन्द गर्नु पर्नेछ ।

(८) दर्ता भएका सिलबन्दी बोलपत्रहरू खोल्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) बोलपत्र खोल्ने दिन, समय र स्थान तोकी सम्बन्धित सबडिभिजन वन कार्यालय, गाउँपालिका वा नगरपालिका र नजिकको अन्य सरकारी कार्यालयका प्रतिनिधिलाई बोलाउनु पर्ने,

(ख) बोलपत्रदाता र सम्बन्धित प्रतिनिधि उपस्थित नभए पनि रितपूर्वक दर्ता भएका बोलपत्र खोल्न बाधा नपर्ने,

(ग) रितपूर्वक पर्न आएका सिलबन्दी बोलपत्र सूचनामा प्रकाशित भए बमोजिमको स्थान, मिति र समयमा खोली अनुसूची-१८ को ढाँचामा मुचुल्का बनाई उपस्थित बोलपत्रदाता तथा आमन्त्रित प्रतिनिधिको सहिछाप गराउनु पर्ने,

(घ) तोकिएको समयभित्र दर्ता भई दाखिल भएका बोलपत्रहरू रितपूर्वक भए नभएको जाँच गरी रितपूर्वक परेकाको हकमा अनुसूची-१९ को ढाँचामा तुलनात्मक तालिका बनाई त्यसमा सम्पूर्ण व्यहोरा उल्लेख गरी बोलपत्रदाता, सम्बन्धित सबडिभिजन वन कार्यालयको प्रतिनिधि तथा उपस्थित प्रतिनिधिहरूको सहिछाप गराउने र रित नपुगेकाको हकमा सोही व्यहोरा जनाई अलग्याएर राख्नु पर्ने,

(ङ) दुई वटा मात्र बोलपत्र पर्न आएमा सो बोलपत्रलाई नखोली कायम राखी पुनः बोलपत्र आह्वान गर्नु पर्ने । यसरी कायम रहेका बोलपत्रलाई दोस्रो पटकको मूल्याङ्कनमा समावेश गर्नु पर्ने ।

(९) बोलपत्रको मान्यता र स्वीकृति प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) पहिलो पटक प्रकाशित बोलपत्रको सूचना बमोजिम कम्तीमा तीनवटा बोलपत्रहरू रितपूर्वक पेश हुन आए पूर्ण प्रतिस्पर्धा भएको मानिने,

(ख) पहिलो पटक बोलपत्रको सूचना प्रकाशन गर्दा तीनवटा भन्दा कम बोलपत्र दर्ता भएमा दोस्रो पटक सूचना प्रकाशित गर्नु पर्ने,

(ग) दोस्रो पटक बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा पनि कुनै बोलपत्र पर्न नआएमा पहिलो पटकको सूचना बमोजिम रितपूर्वक पर्न आएका बोलपत्रलाई नै पूर्ण प्रतिस्पर्धा भएको मानी उपस्थित प्रतिनिधिको रोहबरमा बोलपत्र खोल्ने,

(घ) पहिलो पटक कुनै बोलपत्र नपरी दोस्रो पटक एउटा मात्र रितपूर्वकको बोलपत्र दाखिल हुन आएमा त्यसलाई पनि पूर्ण प्रतिस्पर्धा भएको मानिने।

(१०) बोलपत्रको स्वीकृति प्रकृया देहाय बमोजिम हुनेछः-

(क) रितपूर्वक परेका बोलपत्रहरूमध्ये सबैभन्दा बढी रकम सकार गर्ने तीन वटा बोलपत्रदाताको विवरण प्रकाशन गरिएकोमा कुनै दाबी विरोध भए उजुरी गर्न सात दिनको समय दिने । सो अवधिभित्र कुनै दाबी विरोध

नपरेमा सबैभन्दा बढी सकारवालाको नाममा बोलपत्र स्वीकृत गरी दश दिनभित्र रकम जम्मा गर्न निजलाई लिखित जानकारी दिनु पर्ने ।

(ख) खण्ड (क) बमोजिमको अवधिभित्र रकम जम्मा नगरेमा वा मनासिव माफिकको कारण देखाई जनाउ नदिएमा निजको धरौटी रकम जफत गरी दोस्रो सकारकर्ताको बोलपत्र स्वीकृत गरी सात दिनभित्र रकम जम्मा गर्न लिखित जानकारी दिनु पर्ने,

(ग) दोस्रो सकारवालाले पनि तोकिएको समयभित्र रकम जम्मा नगरेमा निजको पनि धरौटी जफत गरी तेस्रो सकारवालाको नाममा बोलपत्र स्वीकृत गरी सात दिनभित्र रकम जम्मा गर्न जानकारी दिने र तेस्रो सकारवालाले पनि तोकिएको अवधिभित्र रकम जम्मा नगरेमा निजको धरौटी रकम जफत गरी पुनः बोलपत्र आह्वानको प्रक्रियामा जानु पर्ने ।

तर दोस्रो वा तेस्रो सकारकर्ताको बोलपत्र स्वीकृत गर्दा पहिलो सकारकर्ताले सकारेको कबोल अङ्कमा जफत गरिएको धरौटी रकम घटाउँदा हुन आउने रकम भन्दा कममा बोलपत्र स्वीकृत गरिने छैन ।

(११) उपदफा (१०) बमोजिम बोलपत्रको प्रकृया नटुङ्गिएसम्म सबैभन्दा बढी रकम सकार गर्ने तीनवटा बोलपत्रदाताको धरौटी रोक्का राख्नु पर्नेछ ।

३२. <u>काठ दाउरा स्थानान्तरणको अनुमतिः</u> (१) उपभोक्ता समूहले लिलाम बिक्री गरेका काठ दाउरा सकारकर्ताले सकार रकम दाखिला गरिसकेपछि संयुक्त रुपमा डिभिजन वन कार्यालय र सम्बन्धित उपभोक्ता समूहले बिक्री टाँचा लगाई डिभिजन वन कार्यालयको सहमतिमा लैजाने स्थान वा उद्योग समेत उल्लेख गरी सकारकर्तालाई सोही उपभोक्ता समूहले अनुसूची-२० बमोजिम स्थानान्तरणको अनुमति दिनु पर्नेछ । यसरी अनुमति दिँदा काठ भए अनुसूची-२१ बमोजिम र दाउरा भए अनुसूची-२२ बमोजिमको चलान पुर्जी अनुमति पत्रसाथ दिनु पर्नेछ ।

(२) व्यापारिक प्रयोजनका लागि बिक्री गरिएको सामुदायिक वनको काठ सम्बन्धित डिभिजन बाहिर लैजानका लागि सहमतिपत्र दिने क्रममा डिभिजन वन कार्यालयले उक्त काठ दाउरा बिक्री वितरणसँग सम्बन्धित कागजात हेर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपभोक्ता समूहबाट व्यापारिक प्रयोजनका लागि खरिद गरिएका काठ दाउरा खरिदकर्ताले अनुमतिपत्रमा तोकिएको स्थानसम्म ओसारपसार गर्नुपूर्व त्यस्तो काठ दाउरा सुरु



प्रदेश सचिव

डिभिजन वन कार्यालयले खटाएको वन प्राविधिकबाट चेकजाँच, दरपिठ र सिलबन्दी गराउनु पर्नेछ । यसरी ओसारपसार गर्दा उद्योग व्यवसाय रहेको जिल्लाको अन्तिम वन चेकपोष्टमा पनि कागजात देखाई चेकजाँच तथा दरपिठ गराई लैजानु पर्नेछ।

तर एउटै डिभिजनभित्र काठ दाउरा ओसारपसार गर्नु परेमा सिलबन्दी गर्नु पर्ने छैन।

३३. <u>राजस्व र कर भुक्तानी</u>: (१) उपभोक्ता समूहले व्यापारिक प्रयोजनका लागि काठ दाउरा बिक्री वितरण गर्दा वन पैदावार शुल्क लाग्ने भनी नेपाल सरकार वा प्रदेश सरकारबाट तोकिएका प्रजातिको काठ दाउरा बिक्री गरेको भए काठ दाउरा ओसारपसारका लागि डिभिजन वन कार्यालयबाट सहमति लिनुपूर्व सोबापत तोकिएको राजस्व रकम सम्बन्धित उपभोक्ता समूहले राजस्व खातामा दाखिला गरी सोको भौचर डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपभोक्ता समूहभन्दा बाहिरका कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा उद्योगले काठ खरिद गर्दा तिर्नु पर्ने मूल्य अभिवृद्धि कर छोडपुर्जी प्राप्त गर्नुपूर्व सम्बन्धित सरकारी कार्यालयमा दाखिला गर्नु पर्नेछ।

३४. <u>वन पैदावार र आम्दानी खर्चको लगत</u>: (१) उपभोक्ता समूहले आफूले बिक्री वितरण गरेको काठ दाउरा र अन्य वन पैदावारको लगत अनुसूची-२३ बमोजिमको ढाँचामा र त्यसबाट प्राप्त आम्दानी तथा खर्च अनुसूची-२४ बमोजिमको ढाँचामा लगत राखी सोको एक प्रति प्रत्येक आर्थिक वर्षको भाद्र मसान्तभित्र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गत आर्थिक वर्षको लगत पेश नगर्ने उपभोक्ता समूहलाई चालु आर्थिक वर्षमा डिभिजन वन कार्यालयले वन पैदावार सङ्कलन र बिक्री वितरणमा रोक लगाउन सक्नेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

३५. <u>वातावरणीय अध्ययन गर्नुपर्ने</u>: सामुदायिक वनबाट वन पैदावार सङ्कलन गर्दा प्रचलित वातावरण संरक्षण ऐन र नियमावलीले वातावरणीय अध्ययन गर्नु पर्ने भनी तोकेको भएमा वातावरणीय अध्ययन गर्नु पर्नेछ ।

३६. <u>सामुदायिक वनभित्र ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो सङ्कलन गर्न बन्देज</u>: उपभोक्ता समूहले सामुदायिक वनभित्र रहेका ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो आदि सङ्कलन र बिक्री वितरण गर्न पाउने छैन ।



प्रमुख सचिव

प्रदेश सचिव

